३० असार २०७९

माननीय मन्त्रीज्यू,

नेपाल सरकार, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**विषयः संक्रमणकालीन न्याय कानुन संशोधनका लागि प्रारम्भिक सुझावहरू उपलब्ध गराइएको बारे ।**

महोदय,

हामी तपसिलमा उल्लिखित नागरिक समाज तथा पीडित समुदायलाई प्रतिनिधित्व गर्ने संस्थाहरूले बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग आयोग ऐन, २०७१ को संशोधनको विषयमा सीमित रहेर दफावार रूपमा देहायबमोजिम प्रारम्भिक सुझावहरू तयार गरी नेपाल सरकार समक्ष प्रस्तुत गरेका छौं ।

नेपाल सरकारले संशोधन विधेयकको मस्यौदा अविलम्ब सार्वजनिक गरेर पीडित समुदाय तथा नागरिक समाज लगायतका सरोकारवालाहरूलाई उक्त मस्यौदामा आफ्नो प्रतिक्रिया तथा सुझावहरू प्रस्तुत गर्ने अवसर र पर्याप्त समय प्रदान गरोस् भन्ने हाम्रो माग पुनः दोहोर्‍याउन चाहन्छौं ।

सरकारले विधेयक सार्वजनिक गरेपछि हालै सम्पन भएका परामर्शहरूमा सरोकारवालाहरूले दिएका महत्वपूर्ण सुझाव, सर्वोच्च अदालतका पटक पटकका आदेश एवं अन्तर्राष्ट्रिय कानुनी मापदण्ड र विधिशास्त्रसँग मेलखाने गरी नेपालको संक्रमणकालीन न्याय कानुनको यथोचित संशोधनका लागि हाम्रो अन्तिम सुझाव तथा टिप्पणीहरू प्रस्तुत गर्ने जानकारी गराउँदछौं ।

सरोकारवालाहरूको बीचमा विश्वासको वातावरणलाई सुदृढ पारेर विगत लामो समयदेखि चरम राजनीतिकरणका कारण गिजोलिंदै आएको संक्रमणकालीन न्याय प्रकृयालाई वैध ढंगले निष्कर्षमा पुर्‍याउने सन्दर्भमा कहिँ कतैबाट अवरोध सृजना गर्ने काम नहोस् भन्नेतर्फ हामी सम्बन्धित सबैको ध्यानकर्षण गराउन चाहान्छौं ।

**बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग आयोग ऐन, २०७१ को संशोधनको लागी ठोस सुझावहरू देहायबमोजिम**

| ऐन संशोधनका लागि ठोस प्रस्ताव/सुझावहरू | | | |
|---|---|---|---|
| *सम्वन्धित विषय* | *विद्यमान प्रावधान* | *संशोधनका लागि सुझाइएको प्रावधान* | *औचित्य* |
| ***प्रस्तावना*** | *नभएको* | ***प्रास्तावनाको प्रारम्भमा निम्न अनुच्छेद थप गर्ने:-***<br><br>*"सत्य, न्याय र परिपूरण सहित प्रभावकारी कानुनी उपचार प्राप्त गर्ने मानवअधिकार उल्लंघनका पीडितको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यमा निहित भएको,"* | संविधान र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत संरक्षित प्रभवकारी कानुनी उपचारको अधिकारलाई प्रस्तावनामा नै मान्यता दिनु वाञ्छनिय हुने भएकाले । |
| *२. परिभाषा :* | *नभएको* | *निम्नानुसारको परिभाषा थप **गर्ने:-***<br><br>*"मानवअधिकारको उल्लंघन" भन्नाले राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६८ को दफा २ (च) को परिभाषाले समेटेका अधिकारहरूको उल्लंघन समेतलाई जनाउँछ ।* | द्वन्द्वकालमा घटित गम्भीर उल्लंघन बाहेक अन्य मानवअधिकार उल्लंघनका घटनाहरूको छानबिन गर्ने आयोगको कार्यादेश हुनेगरी ऐनले व्यवस्था गर्ने तर मानवअधिकार उल्लंघनलाई परिभाषत नगर्दा ऐनको कार्यान्वयनमा द्विविधा सृजना हुन सक्ने भएकाले । |
| **२(ञ)मानव अधिकारको गम्भीर उल्लङ्घन** | (ञ) "मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहायको कार्य सम्झनु पर्छ :-<br>(१) हत्या,<br>(२) अपहरण तथा शरीर बन्धक,<br>(३) व्यक्ति बेपत्ता पार्ने,<br>(४) अंगभंग वा अपांग बनाउने,<br>(५) शारीरिक वा मानसिक यातना,<br>(६) बलात्कार तथा यौनजन्य हिंसा, | २(ञ) "मानव अधिकारको गम्भीर उल्लङ्घन" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा नि:शस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको देहायको मानवअधिकार उल्लंघनलाई सम्झनु पर्छ :-<br>(१) हत्या<br>(२) अपहरण तथा शरीर बन्धक,<br>(३) व्यक्ति बेपत्ता पार्ने कार्य,<br>(४) अङ्गभङ्ग वा अपाङ्ग बनाउने,<br>(५) यातना, | मानवअधिकारको गम्भिर उल्लघंनको परिभाषालाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनका मापदण्डअनुकुल हुनेगरी परिमार्जन गर्न वान्छनीय भएकोले । |

| | | | |
|---|---|---|---|
| | (७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी,<br>(८) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, वा<br>(९) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराध । | (६) बलात्कार तथा यौनजन्य हिंसा,<br>(७) मानवताविरुद्धको अपराध<br>(८) युद्ध अपराध<br>(९) जाति हत्या<br>(८) घरजग्गाबाट जबर्जस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन एवं व्यक्तिगत सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी लगायतका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको गम्भिर उल्लंघन<br>(९) अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानून विपरीत गरिएका अन्य उल्लंघनहरू | |
| ***दफा २.परिभाषा: मानवता विरुद्धको अपराध, यूद्ध अपराध र जातिहत्या*** | परिभाषा नभएको । | यस ऐनमा मानवता विरुद्धको अपराध, युद्ध अपराध र जातिहत्या भन्नाले अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधान, १९९८ अन्तर्गत परिभाषित गरिए अनुरुपका मानवता विरुद्धको अपराध, युद्ध अपराध र जातिहत्या सम्झनु पर्छ । | परिभाषामा स्पष्टता ल्याएर ऐनको कार्यान्वयनको क्रममा आउन सक्ने अन्यौलको स्थितिलाई सम्बोधन गर्न वान्छनिय हुने भएकाले । |
| **२. "व्यक्ति बेपत्ता पार्ने कार्यको परिभाषा** | २(ट) "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले देहायका कुनै कार्य सम्झनु पर्छ :-<br>(१) कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान तहकिकात गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराउने, मुद्दा हेर्ने अधिकारी समक्ष प्रचलित कानून बमोजिम उपस्थित गराउनु पर्ने अवधि व्यतीत भएपछि पनि सरोकारवालालाई भेटघाट गर्न नदिने वा निजलाई कहाँ, कसरी र कुन | "व्यक्ति बेपत्ता पार्ने कार्य" भन्नाले राज्य वा राजनीतिक सङ्गठनको कुनै निकायद्धारा वा त्यस्तो निकायको अख्तियारी, समथर्न वा सहमतिमा कार्य गर्ने कुनै व्यक्ति वा व्यक्तिहरूको समूहद्वारा पक्राउ, थुना, अपहरण वा अन्य कुनै किसिमले व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चित गरी त्यस्तो व्यक्तिको अवस्था वा ऊ रहेको ठाउँको बारेमा खुलासा नगरेर वा त्यस्तो व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरिएको मान्न अस्वीकार गरेर कानुनको संरक्षणबाट बाहिर राख्ने कार्यलाई जनाउँदछ । | "व्यक्ति बेपत्ता पार्ने कार्य"को अन्तराष्ट्रिय रुपमा स्वीकार्य परिभाषाअनुकुल ऐनले परिभाषित गर्नु उपयूक्त हुने तथा वेपत्ता र गैरकानुनी थूनाबीचकोको भेदलाई स्पष्ट छुट्याउनु जरुरी भएकाले । |

| | | | |
|---|---|---|---|
| | अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने,<br>(२) सशस्त्र द्वन्द्वको क्रममा कुनै संगठन वा संगठित वा असंगठित समूहको नामबाट कुनै पनि व्यक्तिलाई पक्राउ वा अपहरण गरी वा कब्जामा वा अन्य कुनै किसिमले नियन्त्रणमा लिई निजको वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्ने । | | |
| **३. आयोगको गठन** | ३. आयोगको गठन : (१) सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित बीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासंग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने काम समेतका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै रुपमा स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय<br>बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नेछ । | ३. आयोगको गठनः (१) सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको उल्लङ्घनका लागि व्यक्तिगत तथा संस्थागत जिम्मेवारी, उल्लंघनका अन्तरनिहित कारण र उल्लंघनको वहुआयामिक प्रभाव समेतका बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलापको वातावरण सृजना गर्न, पीडितलाई पर्याप्त परिपूरणको व्यवस्था लगायत मानवअधिकार उल्लंघनबाट निश्रृत गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीको लागि सिफारिस गर्ने काम समेतका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै रूपमा स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय<br>बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नेछ ।<br>(२) आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्ष सहित पाँचजना सदस्यहरू रहने छन् ।<br>(३) अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-<br>(क) पूर्व प्रधान न्यायाधीशहरूमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति- अध्यक्ष<br>ख) राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको बरिष्ठतम सदस्य - सदस्य | आयोगको सन्दर्भमा देखिएको वैद्यताको संकटलाई सम्बोधन गर्न खुल्ला, पारदर्शि र परामर्शयूक्त प्रकृयावाट सक्षम, अनुभवी र विश्वस्निय व्यक्तिलाई पदाधिकारीको रुपमा नियूक्त गर्न आवश्यक भएकाले । |

| | | | |
|---|---|---|---|
| | (२) आयोगमा कम्तीमा एकजना महिला रहने गरी अध्यक्ष सहित पा‘‘चजना सदस्यहरू रहने छन् ।<br>(३) अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-<br>(क)<br>पूर्व प्रधान न्यायाधीशहरूमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति<br>- अध्यक्ष<br>(ख)राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्य<br>- सदस्य<br>(ग) मानव अधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य<br>(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले यस ऐन बमोजिम अध्यक्ष र सदस्य हुन योग्य व्यक्तिहरू मध्येबाट अध्यक्ष तथा सदस्यको नाम नियुक्तिको लागि सिफारिस गर्नेछ ।<br>(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा | (ग) मानव अधिकारवादी, मनोविज्ञानवेत्ता, कानूनविद्, विधि विज्ञानवेत्ता, द्वन्द्वविद्, द्वन्द्वपीडित अधिकारकर्मी, समाजशास्त्री, महिला अधिकारकर्मी वा शान्ति प्रक्रियामा संलग्न व्यक्तिहरू मध्येबाट नेपाल सरकारले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित तीनजना - सदस्य<br>(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले यस ऐन बमोजिम अध्यक्ष र सदस्य हुन योग्य व्यक्तिहरू मध्येबाट अध्यक्ष तथा सदस्यको नाम नियुक्तिको लागि सिफारिस गर्नेछ ।<br>(५) उपदफा (३) बमोजिमको सिफारिस समितिले अध्यक्ष तथा सदस्यको नाम सिफारिस गर्नु अघि देहायबमोजिम सार्वजनिक छनौट प्रक्रिया अवलम्वन गर्नेछः-<br>(क) इच्छुक व्यक्तिको मनोनयनका लागि सार्वजनिक आव्हान गर्ने, सम्बन्धित व्यक्ति वा अरु कोही व्यक्ति वा संस्थाले पनि त्यस्तो मनोनयन दर्ता गर्न सक्ने ।<br>(ख) ऐनले तोकेका योग्यताका शर्तहरूको आधारमा प्राप्त मनोनयनहरूको जाँच गरी न्यूनतम योग्यता पुरा गरेका व्यक्तिहरूको सूची तयार गर्ने,<br>(ग) उम्मेदवारहरूको बारेमा सार्वजनिक प्रतिक्रियाका लागि निश्चित समय तोकी सूची प्रकाशन गर्ने,<br>(घ) उम्मेदवारहरूको पृष्ठभूमि तथा ट्र्याक रेकर्ड अध्ययन एवं निजहरूको बारेमा प्राप्त सार्वजनिक प्रतिक्रियाको अध्ययन गरी पदाधिकारीको रूपमा नियुक्त हुन योग्य देखिएका उम्मेदवारहरूको छोटो सूची तयार गर्ने,<br>(छ) खुल्ला र पारदर्शी तरिकाले छोटो सूचीमा परेका उम्मेदवारहरूको अन्तर्वार्ता लिने, उनीहरूसँग संक्रमणकालीन न्यायका मुलभूत विषयहरूमा छलफल र अन्तर्क्रिया गर्ने एवं विषयवस्तुमा उनीहरूको ठोस धारणा प्रस्तुत गर्न लगाउने,<br>(ज) उम्मेदवारहरूको ज्ञान, अनुभव, क्षमता, नैतिक चरित्र र वैयक्तिक अभेद्यता/विश्वसनियता समेतको | |

| | | | |
|---|---|---|---|
| | सदस्यको नाम सिफारिस गर्नु अघि निजहरूको सार्वजनिक छनौट प्रक्रिया निर्धारण गरी त्यस्तो छनौट प्रक्रिया सार्वजनिक रुपमा प्रकाशन समेत गर्नु पर्नेछ । | समष्टिगत अध्ययन र विश्लेषणको आधारमा सबै भन्दा उपयुक्त देखिएका उम्मेदवारहरूलाई नियुक्तिका लागि सिफारिस गर्ने ।<br>(६) छनौट प्रकृयासम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(७) समिति गठन भएको बढिमा दुई महिना भित्र छनौट प्रकृया सम्पन्न गरिसक्नु पर्नेछ । | |
| **४. अध्यक्ष तथा सदस्यको योग्यता :** | ४. अध्यक्ष तथा सदस्यको योग्यता : देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुनेछ :-<br>(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको,<br>(ख) नियुक्ति हु‘‘दाका बखत कुनै पनि राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) उच्च नैतिक चरित्र भएको,<br>ट<br>(घ) मानव अधिकार, शान्ति, कानून, द्वन्द्व व्यवस्थापन वा समाजशास्त्रको क्षेत्रमा काम गरेको,<br>(ङ) पैंतीस वर्ष उमेर पूरा भएको,<br>(च) अध्यक्षको हकमा सर्वोच्च अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको मुख्य न्यायाधीश भइसकेको, नेपाल न्याय सेवाको विशिष्ट श्रेणीको पदमा काम गरिसकेको वा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको । | ४. अध्यक्ष तथा सदस्यको योग्यता : देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि योग्य हुनेछ :-<br>(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोपाधि हासिल गरेको,<br>(ख) नियुक्ति हुनु भन्दा कम्तिमा एक वर्ष अगाडिदेखि कुनै पनि राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) उच्च नैतिक चरित्र भएको,<br>(घ) मानवअधिकार, शान्ति, कानून, द्वन्द्व व्यवस्थापन वा समाजशास्त्रको क्षेत्रमा काम गरी विशिष्टिकृत अनुभव वा ख्याती प्राप्त गरेको,<br>(ङ) पैंतीस वर्ष उमेर पूरा भएको,<br>(च) अध्यक्षको हकमा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको र मानवअधिकार विधिशास्त्रको विकासमा उल्लेख्य योगदान पुऱ्याएको वा सर्वोच्च अदालतको न्यायाधीश हुने योग्यता भएको र न्याय, कानुन एवं मानवअधिकारको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको । | यथासक्य सक्षम, अनुभवी र स्वतन्त्र छवी भएका व्यक्तिले आयोगको नेतृत्व प्राप्त गर्ने कुरालाई कानुनद्धारा नै आधार सृजना गर्न वान्छनिय भएकोले । |

| | | | |
|---|---|---|---|
| **६. पदावधि :** | ६. पदावधि : (१) यो दफा प्रारम्भ भएपछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि एक वर्षको हुने ।<br>(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३८ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप भएको अवस्थामा नेपाल सरकारले अध्यक्ष तथा सदस्यको पदावधि थप गर्न वा दफा ४ बमोजिमको योग्यता भएका अन्य व्यक्तिलाई दफा ३ बमोजिम नियुक्त गर्न सक्नेछ ।<br>(२) उपदफा (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा कुनै सदस्यमा कार्यक्षमताको अभाव भएमा वा निज खराब आचरणमा लागेमा नेपाल सरकारले पूर्व प्रधान न्यायाधीशको अध्यक्षतामा तीन सदस्यीय एक छानविन समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ ।<br>तर त्यस्तो आरोप लागेको अध्यक्ष वा सदस्यलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।<br>(३) उपदफा (२) बमोजिम अध्यक्ष वा सदस्य उपरको आरोप छानविन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | ६. पदावधिः (१) यो दफा प्रारम्भ भएपछि नियुक्त हुने अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ ।<br><br>(२) उपदफा (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा कुनै सदस्यमा कार्यक्षमताको अभाव भएमा वा निज खराब आचरणमा लागेमा नेपाल सरकारले पूर्व प्रधान न्यायाधीशको अध्यक्षतामा, पूर्व न्यायधीशहरूमध्येबाट अन्य सदस्य रहनेगरी तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ र सो समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो अध्यक्ष वा सदस्यलाई पदबाट हटाउन सक्नेछ ।<br>तर त्यस्तो आरोप लागेको अध्यक्ष वा सदस्यलाई सफाई पेश गर्ने उचित मौका बाट वञ्चित गरिने छैन ।<br>(३) उपदफा (२) बमोजिम अध्यक्ष वा सदस्य उपरको आरोप छानबिनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | आयोगहरूको कार्यादेशको गाम्भिर्यता एवं अहिलेसम्म भएको प्रगति समेतलाई यथार्थपरक मुल्यांकन गर्दा पुनः कार्यावधि थप नहुनेगरी आयोगको पर्याप्त र निश्चित कार्यावधि तोक्नु वान्छनिय भएकोले । |

| | | | |
|---|---|---|---|
| | (४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत बहाल रहेका अध्यक्ष तथा सदस्यको पदावधि संवत् २०७५ साल चैत्र मसान्तसम्म कायम रहेनछ ।<br>तर दफा ७ को उपदफा (३) बमोजिम पदपूर्ति भएकोमा त्यस्ता अध्यक्ष तथा सदस्यको पदावधि स्वतः समाप्त भएको मानिनेछ । | | |
| **१०. सचिवः** | १०. सचिवः नेपाल सरकारले नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ । | १०. सचिवः (१) नेपाल सरकारले आयोगसँगको परामर्शमा नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ ।<br>(२) उपदफा (१)बमोजिम सचिव नियूक्त गर्दा वा तोक्दा विषयगत ज्ञान, अनुभव तथा क्षमता एवं निजले आयोगको कार्यावधी भरी सचिवको रुपमा कार्यसम्पादन गर्न पुग्ने सेवाअवधि बाँकी रहेको छ वा छैन सो समेतलाई आधार मान्नु पर्नेछ । | |
| **११. आयोगको कर्मचारी :** | ११. आयोगको कर्मचारी : (१) आयोगको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ । त्यसरी कर्मचारी उपलब्ध गराउँदा मन्त्रालयले आयोगसँग परामर्श गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले माग गरेको विशेषज्ञ कर्मचारी नेपाल सरकारस‘‘ग नभएमा वा आयोगले माग गरे बमोजिमको सङ्ख्यामा मन्त्रालयले कर्मचारी उपलब्ध | ११. आयोगको कर्मचारी : (१) आयोगको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ । त्यसरी कर्मचारी उपलब्ध गराउँदा नेपाल सरकारले आयोगसंग परामर्श गरी आयोगलाई आवश्यक पर्ने विषयगत ज्ञान, दक्षता, र अनुभव भएका कर्मचारीमध्येबाट उपलब्ध गराउनेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आयोगले माग गरेको विशेषज्ञ कर्मचारी नेपाल सरकारसंग नभएमा वा आयोगले माग गरे बमोजिमको सङ्ख्यामा नेपाल सरकारले कर्मचारी उपलब्ध गराउन नसकेमा वा आयोगले आफ्नो कामलाई स्वतन्त्र एवं निष्पक्षतापूर्वक सम्पन्न गर्न विशिष्ट प्रकृतिका विज्ञ कर्मचारीको अलग्गै प्रवन्ध गर्न आवश्यक ठानेमा आयोगले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ । | आयोगको कामको विशिष्ट प्रकृतिलाई ध्यानमा राखी निश्चित हदसम्म आयोगको स्वायत्ततालाई ऐनले नै सुनिश्चित गर्न वान्छनिय भएकाले । |

| | | | |
|---|---|---|---|
| | गराउन नसकेमा आयोगले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।<br>(३) उपदफा (२) बमोजिम करारमा नियुक्त भएको कर्मचारीको काम, कर्तव्य र अधिकार, पदावधि, पारिश्रमिक तथा सुविधा आयोगले तोके बमोजिम हुनेछ ।<br>तर त्यस्तो कर्मचारीको पारिश्रमिक र सुविधा आयोगमा कार्यरत नेपाल सरकारका समान श्रेणी वा तहका कर्मचारीको भन्दा बढी हुने छैन ।<br>(४) उपदफा (१) बमोजिम आयोगमा कार्यरत कर्मचारीहरूले आयोगबाट तोके बमोजिम भत्ता तथा सुविधा पाउनेछन् । | (३) उपदफा (२) बमोजिम करारमा नियुक्त भएको कर्मचारीको काम, कर्तव्य र अधिकार, पदावधि, पारिश्रमिक तथा सुविधा आयोगले तोके बमोजिम हुनेछ ।<br>(४) उपदफा (१) बमोजिम आयोगमा कार्यरत कर्मचारीहरूले आयोगबाट तोके बमोजिम भत्ता तथा सुविधा पाउनेछन् । | |
| **१२. आयोगको स्रोत साधन तथा लेखापरीक्षण :** | १२. आयोगको स्रोत साधन तथा लेखापरीक्षण : (१) आयोगको काम कारबाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन तथा अन्य स्रोतको व्यवस्था मन्त्रालयले गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम आयोगलाई प्राप्त भएको रकम आयोगले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।<br>(३) आयोगको सम्पूर्ण खर्च उपदफा (२) बमोजिम जम्मा गरिएको रकमबाट व्यहोरिनेछ ।<br>(४) आयोगले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ । | १२. आयोगको स्रोत साधन तथा लेखापरीक्षण : (१) आयोगको काम कारबाहीको लागि आवश्यक पर्ने रकम, भवन, साधन, प्रविधि तथा अन्य स्रोतको व्यवस्था नेपाल सरकारले गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम आयोगलाई प्राप्त भएको रकम आयोगले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।<br>(३) सामान्यतया आयोगको सम्पूर्ण खर्च उपदफा (२) बमोजिम जम्मा गरिएको रकमबाट व्यहोरिनेछ ।<br>(४) उपदफा (३)मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगको कामलाई प्रभावकारी बनाउन नेपाल सरकारले तोकेको नियमको अधिनमा रहेर आयोगले नेपाल सरकारले मान्यता दिएका विकास साझेदार संस्थाहरूबाट पनि आर्थिक सहायता प्राप्त गर्न सक्नेछ ।<br>(५) आयोगले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा राख्नु पर्नेछ ।<br>(६) आयोगको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ । | |

| | | | |
|---|---|---|---|
| | (५) आयोगको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ । | | |
| **१३. आयोगको काम, कर्तव्य र अधिकार** | १३. आयोगको काम, कर्तव्य र अधिकार : (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-<br>(क) मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,<br>(ख) पीडित तथा पीडकको यकीन गर्ने,<br>(ग) पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,<br>(घ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,<br>(ङ) मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने,<br>(च) पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने,<br>(छ) यस ऐनमा उल्लिखित अन्य काम गर्ने, गराउने ।<br>भएका घटनासंग सम्बन्धित विषयमा विभिन्न अदालत तथा निकायमा विचाराधीन मुद्दाहरू सम्बन्धित | १३. आयोगको काम, कर्तव्य र अधिकार : (१) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-<br>(क) मानव अधिकारको उल्लङ्घनसम्बन्धी घटनाको छानबिन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,<br>(ख) द्वन्द्वको क्रममा भएका मानवअधिकार उल्लंघनका राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, लैंगिक, जातिय, क्षत्रिय एवं अन्य अन्तरनिहित कारणहरू पत्ता लगाउने,<br>(ग) द्वन्द्वको क्रममा भएका मानवअधिकार उल्लंघनको व्यापक वा योजनावद्ध ढाँचा (प्याटर्न)को विश्लेषण गर्ने,<br>(घ) सशस्त्र द्वन्द्वका पक्षबाट मानवअधिकार उल्लंघनलाई प्रश्रय दिने गरी अभ्यासमा ल्याएका वा प्रयोग गरिएका नीति तथा अभ्यासहरूको पहिचान तथा विश्लेषण गन तथा सशस्त्र द्वन्द्वमा वालवालिकाको प्रयोगको ढाँचा (प्याटर्न) तथा उनिहरुमा परेको वहुआयामिक असरको विश्लेषण गर्ने ।<br>(ङ) द्वन्द्वको क्रममा भएका मानवअधिकार उल्लंघनका पीडितको पहिचान गरी उनीहरूको पीडाको अभिलेखन गर्ने ।<br>(च) द्वन्द्वको क्रममा भएका मानवअधिकार उल्लंघनका लागि व्यक्तिगत तथा संस्थागत जिम्मेवारीको यकीन गर्ने,<br>(छ) समाजमा मेलमिलापको वातावरण सृजना गर्न आवश्यक पहल गर्ने,<br>(ज) पीडित वा निजको परिवारका सदस्यको तत्कालीन वा दिर्घकालीन परिपूरणीय आवश्यकता पुरा गराउनका लागि वैयक्तिक तथा सामूहिक परिपूरणका उपाय अवलम्वन गर्न सिफारिस गर्ने,<br>(झ) मेलमिलाप तथा क्षमादान हुन नसक्ने घटनाको हकमा प्रभावकारी अनुसन्धान गरी आवश्यक प्रमाण संकलन गरी त्यस्तो घटनामा संलग्नलाई अभियोजनका लागि सिफारिस गर्ने, | पीडित लगायतका सरोकारवालाहरूसंगको परामर्शमा अभिव्यक्त सुझावहरूलाई आत्मसात गरेर संक्रमणकालीन न्याय प्रकृयाको अवलम्बनवाट हासिल गर्न सकिने वहुआयामिक उदेश्यहरूको प्रकाशमा आयोगको कार्यादेशमा हेरफेर गर्न वान्छनिय भएकाले । |

| | | | |
|---|---|---|---|
| | अदालत तथा निकायस‘‘गको परामर्शमा आयोगले छानविन गर्नेछ ।<br>(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासंग सम्बन्धित विषयमा विभिन्न निकायमा विचाराधीन उजूरीहरू आयोगले छानविन गर्नेछ ।<br>(४) कुनै घटना शसस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ ।<br>(५) यस ऐन बमोजिम बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अन्य घटनाका सम्बन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोगले छानविन गर्नेछ ।<br>(६) आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन देहायको आधारमा गर्न सक्नेछ :-<br>(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजूरी दिएमा,<br>(ख) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,<br>(ग) आयोगले छानविन गर्न उपयुक्त सम्झेमा । | (ञ) पीडितलाई निजसँग संबन्धित घटनाका बारेमा भएको छानबिनको अवस्थाका बारेमा समय समयमा जानकारी उपलब्ध गराउने,<br>(ट) यस ऐनमा उल्लिखित अन्य काम गर्ने, गराउने ।<br>(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासँग सम्बन्धित विषयमा विभिन्न अदालतमा विचाराधीन मुद्दाहरू यस ऐन अन्तर्गत विशेष फौजदारी अदालत गठन भएपछि सोही अदालतमा स्थानान्तरण हुनेछन् । उक्त अदालत गठन नभएसम्मको अवस्थामा सामान्य अदालतहरुले नै न्यायनिरुपण गर्न कुनै वाधा पर्नेछैन ।<br>(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सशस्त्र द्वन्द्वको क्रममा भएका घटनासंग सम्बन्धित विषयमा विभिन्न निकायहरूमा विचाराधीन उजुरी उपर सम्बन्धित निकायसंगको परामर्शमा आयोगले छानबिन गर्नेछ ।<br>(४) कुनै घटना शसस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय आयोगले गर्नेछ । आयोगको उक्त निर्णयलाई विशेष फौजदारी अदालतले मान्यता ( कन्फर्मेसन) दिएपछि मात्रै लागू हुनेछ । विशेष अदालतले मान्यता दिनेसम्बन्धी विधि तथा प्रकृया तोकिएबमोजिम हुनेछ ।<br>(५) यस ऐनबमोजिम बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी अन्य घटनाका सम्बन्धमा सत्य निरूपण तथा मेलमिलाप आयोगले छानबिन र अनुसन्धान गर्नेछ ।<br>(६) उपदफा (५)मा जुनसुकै कुरा लेखिएको भएता पनि उल्लंघनको प्रकृति र गाम्भिर्यता हेरेर आयोगहरूले पारस्परिक समन्वय र सहकार्यमा छानबिनको काम गर्नेछन् ।<br>(७) आयोगले मानवअधिकारको उल्लङ्घनसम्बन्धी घटनाको छानबिन देहायको आधारमा गर्न सक्नेछ :-<br>(क) पीडित वा निजको तर्फबाट कसैले आयोगसमक्ष उजुरी दिएमा, | |

| | | | |
|---|---|---|---|
| | (७) आयोगमा उजूरी दिने कार्यमा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्नेछ ।<br>(८) आयोग समक्ष उजूरी दिने कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | (ख) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,<br>(ग) आयोगले छानबिन गर्न उपयुक्त सम्झेमा ।<br>(७) आयोगमा उजुरी दिने कार्यमा बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई सहजता प्रदान गर्न आयोगले तोकिए बमोजिम आवश्यक उपायहरू अवलम्वन गर्नेछ ।<br>(८) आयोग समक्ष उल्लंघन बारेको सूचना उपलब्ध गराउने र छानबिनमा आयोगलाई सहयोग गर्नेसम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ । | |
| **लैंगिक मुलप्रवाहिकरण** | हाल व्यवस्था नभएको । | निम्नानुसार दफा१३क थप गर्नेः<br>**१३क. लैंगिक मुलप्रवाहिकरण**<br>(१) आयोगमा अलग्गै लैंगिक हिंसा ईकाई रहने छ । यस इकाईले तोकिएको कार्यविधिको अवलम्वन गरी लैंगिक हिंसासम्बन्धी उजुरीउपर छानविन तथा अनुसन्धान गर्नेछ ।<br>(२) आयोगले बलात्कारलगायतका यौनिक तथा लैंगिक हिंसाका पीडितहरूको तदारुकताका साथ पहिचान गरी उनीहरूलाई परिपूरण तथा क्षतिपूर्ति दिलाउने कार्यलाई प्राथमिकता दिनेछ ।<br>(३) यौनिक तथा लैंगिक हिंसा पीडितलाई आयोगको उजुरी प्रकृयामा पहुँच दिलाउनका लागि आयोगले विशेष कार्यक्रम बनाई लागू गर्नेछ ।<br>(४) आयोगले सशस्त्र द्वन्द्वमा भएका उल्लंघनको लैंगिक असरका कारण सृजना भएका कानुनी जटिलताको पहिचान गरी उक्त जटिलता सम्बोधन गर्न तदारुकताका साथ पहल गर्नेछ । | लैंगिक हिंसाका पीडितहरूको समस्यालाई विशेष रुपले संशोधन गर्न तथा संक्रमणकालिन न्याय प्रकृयालाई लैंगिकमैत्री बनाउन आवश्यक भएकाले । |
| **२१. उजूरी तामेलीमा राख्न सक्ने** | २१. आयोगमा प्राप्त भएको उजूरी वा जानकारी सम्बन्धमा छानविन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजूरी तामेलीमा राख्न सक्नेछ । | २१(१): आयोगमा प्राप्त भएको उजुरी वा जानकारी सम्बन्धमा छानबिन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा आयोगले कारण खुलाई त्यस्तो उजुरी तामेलीमा राख्न सक्नेछ । तर सम्बन्धित उजुरीकर्तालाई आफ्नो उजुरीको औचित्य पुष्टि गर्ने मौका नदिइकन कुनैपनि उजुरी तामेलीमा राख्ने छैन । | उजुरी तामेलीका सम्बन्धमा ऐनले नै यथोचित थिती वाध्नु आवश्यक देखिएकाले । |

| | | | |
|---|---|---|---|
| | तर त्यस्तो उजूरीको सम्बन्धमा कारबाही गर्नु पर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा आयोगले सो उजूरी उपर छानविन गर्न सक्नेछ । | (२) तामेलीमा राखिएका उजुरीको सम्बन्धमा कारबाही अगाडि बढाउनु पर्ने आधार देखेमा आयोगले कुनैपनि बेला त्यस्तो उजुरी जगाई कारबाही अगाडि बढाउन सक्नेछ ।<br>(३) उजुरी तामेलीमा राखिएको कारणले मात्रै पीडितलाई परिपूरण उपलव्ध गराउने गरी निर्णय गर्न आयोगलाई वाधा पर्ने छैन । | |
| **२३. परिपूरणको लागि सिफारिस गर्ने ।** | २३ (१) यस ऐन बमोजिम छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ । | २३ (१) प्रत्येक पीडितलाई पर्याप्त परिपूरणको अधिकार हुनेछ ।<br>(२) पीडितको परिपूरणको अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु नेपाल सरकार, प्रदेश र स्थानीय सरकारको कर्तव्य हुनेछ ।<br>(३) यस ऐनबमोजिम पीडकको पहिचान भएपछि, छानबिनको क्रममा वा छानबिन गरिसकेपछि आयोगले पीडितलाई तत्काल अन्तरिम रहात प्रदान गर्न, क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनर्स्थापना गर्न वा अन्य उपयुक्त परिपूरणीय व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।<br>(४) उपदफा (३)मा जुनसुकै कुरा लेखिएको भएपनि आयोगले आवश्यकताअनुसार सम्बन्धित प्रदेश र स्थानीय तहलाई पनि परिपूरणको प्रयोजनका लागि आवश्यक सिफारिस गर्न सक्नेछ ।<br>(५) परिपूरणको लागि सिफारिस गर्दा आयोगले पीडितको तत्कालीन तथा दिर्घकालीन, व्यक्तिगत वा सामुहिक परिपूरणीय आवश्यकतालाई ध्यान दिनु पर्नेछ । | पर्याप्त परिपूरणलाई अधिकारको रुपमा स्थापित गरी पीडितलाई परिपुरण उपलव्ध गराउने राज्यको दायित्वका सन्दर्भमा कानुनी स्पष्टता ल्याउन तथा परिपुरणलाई छानविनमा निर्भर नबनाएर पीडितको तत्कालिक तथा दिर्घकालिक आवश्यकता तथा अबस्थाको आधारमा उपलव्ध गराउने गरी व्यवस्था गर्नु उपयूक्त हुने तथा परिपुरणको व्यक्तिगत तथा सामुहिक आयामलाई समेट्न आवश्यक भएकाले । |
| **२४. सम्पत्ति फिर्ताको लागि सिफारिस गर्ने** | २४(१): यस ऐन बमोजिम गरिएको छानविनबाट कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा आयोगले त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ । | २४ (१): यस ऐन बमोजिम गरिएको छानबिनबाट कुनै व्यक्ति, संघसंगठन वा निकायले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा आयोगले त्यस्तो सम्पत्ति फिर्ता गर्न तथा पीडितलाई पुगेको हानिनोक्सानी वापतको उचित क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गर्नेछ । | सम्पत्ती फिर्ताको सुनिश्चितता मात्रै नभएर क्षतिपूर्ति दिलाउन तथा सम्बन्धित संगठन वा संघसस्थाहरू समेतलाई जवाफदेही वनाउनु पर्छ भन्ने पीडितको चाँसोलाई सम्बोधन गर्न आवश्यक भएकोले । |
| **२६. क्षमादान सम्बन्धी व्यवस्था** | २६. क्षमादान सम्बन्धी व्यवस्था : (१) दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन | २६. क्षमादान सम्बन्धी व्यवस्था : (१) दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम छानबिन गर्दा यस दफा वा ऐनको अन्य कुनै प्रावधानमा उल्लिखित मापदण्ड एवं | क्षमादानका सम्बन्धमा अन्तराष्ट्रिय कानुनी तथा विधिशास्त्रिय मान्यता एवं |

| | | | |
|---|---|---|---|
| | बमोजिम छानविन गर्दा उपदफा (४), (५) र (६) मा उल्लिखित मापदण्ड एवं शर्तका आधारमा कुनै पीडकलाई क्षमादान गर्न उपयुक्त देखिएमा आयोगले त्यसको पर्याप्त आधार खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बलात्कार र ◆आयोगको छानविनबाट क्षमादान दिन पर्याप्त आधार र कारण नदेखिएकागम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन ।<br>(३) आयोगले उपदफा (१) बमोजिम सिफारिस गर्नु अघि पीडकले क्षमादानको लागि देहायको प्रक्रिया पूरा गरी आयोग समक्ष निवेदन दिएको हुनु पर्नेछ :-<br>(क) आयोगले तोकेको म्यादभित्र लिखित रुपमा निवेदन दिएको,<br>(ख) निवेदन दिनु अघि सशस्त्र द्वन्द्वको क्रममा आफूबाट भएका काम कारबाहीको सन्दर्भमा | शर्तका आधारमा कुनै पीडकलाई क्षमादान गर्न उपयुक्त देखिएमा आयोगले त्यसको पर्याप्त आधार खुलाई नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायबमोजिमका अपराधमा संलग्न पीडकलाई आयोगले क्षमादानको लागि सिफारिस गर्न सक्ने छैन ।<br>(क) हत्या<br>(ख) जबर्जस्ती बेपत्ता तथा अपहरण<br>(ग) बलात्कार र अन्य यौनजन्य हिंसा,<br>(घ) यातना र अमानवीय, निर्दयी तथा अपमानजनक व्यवहार,<br>(ङ) मानवताविरुद्धको अपराध, युद्ध अपराध र जाति हत्या<br>(३) आयोगले उपदफा (१) बमोजिम सिफारिस गर्नु अघि पीडकले क्षमादानको लागि आयोगले तोकेको म्यादभित्र लिखित रूपमा निवेदन दिएको हुनु पर्नेछ ।<br>(४) उपदफा (१) बमोजिम निवेदन दिनु अघि आफू संलग्न भएको भनी आरोप लागेको उल्लंघनको घटना बारे आयोग समक्ष पूर्ण रूपमा सत्य तथ्य प्रकट गरी सो विवरण आयोगमा अभिलेखन गराएको हुनु पर्नेछ ।<br>(५) क्षमादानको लागि याचना गर्ने पीडकले पुर्णतः सत्यतथ्य बताएको छ वा छैन भन्ने कुराको यकिन गर्न तथा क्षमादानका लागि उपयुक्त हो वा होइन भन्ने निक्यौल गर्नको लागि आयोगले अलग्गै सुनुवाइ गर्न सक्नेछ । त्यस्तो सुनुवाइमा पीडित तथा | तदनुरुपको संयूक्त राष्ट्रसंघको पोजिसन[1] तथा हाम्रो सर्वोच्च अदालतले *राजेन्द्र ढकालसमेत, जुरी-नेपालकातर्फबाट माधव बस्नेत समेत* र *सुमन अधिकारी समेत* का मुद्दामा स्थापित गरेका नजिर तथा सिद्धान्त एवं पीडित तथा सरकारवालाहरूले परामर्शको क्रममा दिएका सुझावहरू समेतलाई दृष्टिगत गरी यथोचित ब्यवस्था गर्नु वान्छनीय भएकाले । |

[1] GUIDANCE NOTE OF THE SECRETARY-GENERAL: United Nations Approach to Transitional Justice (2010), page 4. The Guidance Note reads, *".....these international standards further set the normative boundaries of UN engagement, for example: the UN will neither establish nor provide assistance to any tribunal that allows for capital punishment, nor endorse provisions in peace agreements that include amnesties for genocide, war crimes, crimes against humanity, and gross violations of human rights* [Gross violations of human rights include torture and similar cruel, inhuman or degrading treatment; extra-judicial, summary or arbitrary executions; slavery; enforced disappearances; and rape and other forms of sexual violence of comparable gravity.]". Available at: https://www.un.org/ruleoflaw/files/TJ_Guidance_Note_March_2010FINAL.pdf

| | | | |
|---|---|---|---|
| | आफूलाई थाहा भएसम्मको सत्य तथ्य विवरण आयोग सक्षम पूर्णरुपमा प्रकट गरी सो विवरण आयोगमा अभिलेखन गराएको कुरा निवेदनमा उल्लेख गरेको,<br>(ग) आयोगले तोके बमोजिम अन्य प्रक्रिया पूरा गरेको ।<br>(४) उपदफा (३) बमोजिम दिइने निवेदनमा पीडकले देहायका प्रतिबद्धता प्रकट गरेको कुरा उल्लेख गर्नु पर्नेछः-<br>(क) सशस्त्र द्वन्द्वको क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लङ्घन भएको कुरा स्वीकार गरेको,<br>(ख) त्यस्तो कार्यबाट आफूलाई पश्चाताप भएको स्वीकार गरी आयोग समक्ष पीडितसँग चित्त बुझ्दो ढंगले क्षमायाचना गर्न मञ्जुर गरेको,<br>(ग) भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा गरेको ।<br>(५) उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरता समेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नु पर्नेछ । | पीडकको तर्फबाट तोकिएबमोजिम कानुन व्यवसायीले समेत प्रतिनिधित्व गर्न सक्नेछ ।<br>(५) उपदफा (३) बमोजिम क्षमादानका लागि कुनै निवेदन पर्न आएमा आयोगले सम्बन्धित पीडितलाई जानकारी गराउने, क्षमादानको लागि सिफरीस गर्ने वा नगर्ने भन्ने बारेमा पीडित संर्ग परामर्श गर्ने तथा पीडितको सुसूचित सहमति भएमा मात्रै क्षमादानको लागि सिफारिस गर्न सकिनेछ ।<br>(६) कुनै पीडक मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी एक भन्दा बढी अपराधमा संलग्न भएको छानबिनबाट देखिएमा र त्यस्तो पीडकले जुन उल्लंघनको घटनाको हकमा पूर्णतः सत्य प्रकट गरेको छ त्यसमा मात्रै छानविनको लागि आयोगले सिफारिस गर्न सक्नेछ ।<br>(७) आयोगले गरेको सिफारीसबमोजिम क्षमादान दिन नेपाल सरकारले अस्वीकार गरेको खण्डमा त्यस्तो पीडकको विरुद्धमा अभियोजनको कारबाही अगाडि बढाउनको लागि आयोगले महान्यायधिवक्तालाई लेखी पठाउनु पर्नेछ ।<br>(८) पीडितले आयोग वा अन्य कुनै पनि निकायमा उजुरी गरेको कारणले पीडितलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हैरानी दिने, धम्क्याउने, कुनै पनि प्रकारको मनोवैज्ञानिक त्रासमा पार्ने वा सुरक्षा खतराको स्थिति सृजना गर्ने कार्यमा संलग्न भएको विश्वास गर्न सकिने आधारहरू स्थापित भएमा त्यस्तो पीडकलाई आयोगले क्षमादानको लागि सिफारीस गर्ने छैन ।<br>(९) उपदफा (१) बमोजिम आयोगबाट क्षमादानको लागि सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारबाट क्षमादान भएमा त्यस्तो व्यक्तिको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।<br>(१०) उपदफा (१) बमोजिम क्षमादानको लागि सिफारिस गरिएको व्यक्तिले नेपाल सरकारबाट क्षमादान नपाएमा त्यस्तो व्यक्तिको सम्बन्धमा मुद्दा चलाउन दफा (२८) को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ । | |

| | | | |
|---|---|---|---|
| | (६) कुनै पीडक मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी एक भन्दा बढी अपराधमा संलग्न भएको छानविनबाट देखिएमा र त्यस्तो पीडकलाई यस दफा बमोजिम कुनै अपराधमा मात्र क्षमादान गर्न सकिने भएमा आयोगले पीडकलाई सो अपराधमा मात्र क्षमादानको लागि सिफारिस गर्न सक्नेछ ।<br>(७) यस दफा बमोजिम क्षमादानको लागि सिफारिस गर्नु अघि आयोगले पीडितलाई हुन गएको क्षति बापत मनासिब क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउन सक्नेछ ।<br>(८) उपदफा (१) बमोजिम आयोगबाट क्षमादानको लागि सिफारिस भएको व्यक्तिलाई नेपाल सरकारबाट क्षमादान भएमा त्यस्तो व्यक्तिको नाम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।<br>(९) उपदफा (१) बमोजिम क्षमादानको लागि सिफारिस गरिएको व्यक्तिले नेपाल सरकारबाट क्षमादान नपाएमा त्यस्तो व्यक्तिको सम्बन्धमा मुद्दा चलाउन दफा २८को उपदफा (२) को खण्ड (ख) बमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ । | | |
| **२७. प्रतिवेदन पेश गर्ने :** | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले छानविन गरिसकेको विषयमा समय समयमा आफ्नो सिफारिस सहित | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले छानबिन गरिसकेको वा उपयुक्त सम्झेको विषयमा समय समयमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय | संघीयताको सन्दर्भमा आयोगको सिफारिस सम्बन्धि व्यवस्थालाई थप प्रष्ट पार्न वान्छनीय भएकोले । |

| | | | |
|---|---|---|---|
| | नेपाल सरकार समक्ष अन्तरिम प्रतिवेदन पेश गर्न सक्नेछ । | तहलाई विषयगत सिफारिस गर्न वा सिफारिस सहित नेपाल सरकार समक्ष अन्तरिम प्रतिवेदन पेश गर्न सक्नेछ । | |
| **२८. प्रतिवेदन कार्यान्वयनको जिम्मेवारी** | २८. प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी : (१) दफा २७ बमोजिम आयोगले दिएको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ ।<br>(२) मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस देहाय बमोजिम कार्यान्वयन गर्नेछ :-<br>(क) दफा २३ र २४ मा उल्लिखित सिफारिस कार्यान्वयन गर्नको लागि नेपाल सरकारको स्वीकृति लिई त्यस्तो सिफारिस आफैंले वा अन्य सम्बद्ध निकाय मार्फत कार्यान्वयन गर्ने, गराउने,<br>(ख) दफा २५ मा उल्लिखित सिफारिस कार्यान्वयन गर्न दफा २९ बमोजिमको प्रक्रिया अवलम्बन गर्ने,<br>(ग) दफा २६ मा उल्लिखित सिफारिस कार्यान्वयन सम्बन्धी कारबाही अघि बढाउन नेपाल सरकारमा लेखी पठाउने,<br>(घ) प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्न कानून निर्माण गर्नु पर्ने भएमा आवश्यक कानून निर्माण गर्ने तर्फ कारबाही गर्ने, | २८. प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मेवारी : (१) दफा २७ बमोजिम आयोगले दिएको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी नेपाल सरकारको हुनेछ ।<br>(२) नेपाल सरकारले आवश्यकताअनुसार प्रदेश र स्थानीय तहसँगसमेत समन्वय गरी आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस देहाय बमोजिम कार्यान्वयन गर्नेछ :-<br>(क) दफा २३ र २४ मा उल्लिखित सिफारिस आफैंले वा अन्य सम्बद्ध निकाय मार्फत कार्यान्वयन गर्ने, गराउने,<br>(ख) दफा २५ मा उल्लिखित सिफारिस कार्यान्वयन गर्न दफा २९ बमोजिमको प्रक्रिया अवलम्बन गर्ने,<br>(ग) दफा २६ मा उल्लिखित सिफारिस कार्यान्वयन सम्बन्धी कारबाही अघि बढाउन सम्बन्धित निकायहरूलाई निर्देशन दिने,<br>(घ) प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गर्न नीतिगत, कानूनी तथा संस्थागत सुधार गर्नु पर्ने भएमा  आवश्यक प्रकृया अवलम्बन गर्ने, गराउने,<br>(ङ) आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।<br>(३) नेपाल सरकारले दफा २७ को उपदफा (१) को खण्ड (च), (छ) र (ज) मा उल्लिखित सिफारिस प्राथमिकता तोकी क्रमशः कार्यान्वयन गर्ने, गराउनेछ ।<br>(४) नेपाल सरकारले प्रदेश, स्थानीय तह एवं अन्य निकायहरू समेतसंग समन्वय गरी आयोगको सिफारिस बमोजिम पीडितलाई सरल र सहज तरिकाले तत्काल क्षतिपूर्ति, सुविधा वा सहुलियत उपलब्ध गराउनु पर्नेछ । | प्रतिवेदन कार्यान्वयन जस्तो गहन जिम्मेवारीलाई मन्त्रालयमा सिमित नराखी सिधै नेपाल सरकारमा सुम्पिनु छान्छनिय हुने भएकाले । |

| | | | |
|---|---|---|---|
| | (ङ) आयोगको प्रतिवेदन कार्यान्वयन गर्न उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।<br>(३) मन्त्रालयले दफा २७ को उपदफा (१) को खण्ड (च), (छ) र (ज) मा उल्लिखित सिफारिस प्राथमिकता तोकी क्रमशः कार्यान्वयन गर्नेछ ।<br>(४) मन्त्रालयले आयोगको सिफारिस बमोजिम पीडितलाई सरल र सहज तरिकाले तत्काल क्षतिपूर्ति, सुविधा वा सहुलियत उपलब्ध गराउनु पर्नेछ । | | |
| **२९. मुद्दा दायर गर्न महान्यायधिवक्ता समक्ष सिफारिस गर्ने :** | **२९.**(१) मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगबाट ◆नेपाल सरकार समक्ष सिफारिस भएमा मन्त्रालयले त्यस्तो पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट मुद्दा चलाउन लेखी आएमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकीलले त्यस्तो पीडक उपर मुद्दा चल्ने वा नचल्ने सम्बन्धमा निर्णय गर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम महान्यायाधिवक्ता वा सरकारी वकीलले मुद्दा चलाउने वा | **२९.**(१) मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोपमा दोषी देखिएको पीडक उपर मुद्दा चलाउन आयोगले महान्यायाधिवक्ता समक्ष लेखी पठाउनु पर्नेछ ।<br>(२) उपदफा (२) बमोजिम मुद्दा चलाउन लेखी आएका विषयमा अभियोगपत्रको प्रकृया पुरा गरी विशेष अदालतमा मुद्दा दायर गर्ने प्रयोजनका लागि महान्यायधिवक्ता कार्यालयको मातहतमा विशेष अभियोजन इकाई रहनेछ । उक्त इकाईको स्थापना र सञ्चालनको प्रबन्ध तोकिएबमोजिम हुनेछ ।<br>(३) उपदफा (१) बमोजिम सिफारीस भै आएको विषयमा आयोग कै अनुसन्धानको आधारमा मुद्दा चल्न सक्ने भए सोहि बमोजिम यथाशीघ्र अभियोजनको कारबाही अगाडि वढाउने कानुनी कर्तव्य महान्यायधिवक्ताको हुनेछ ।<br>(४) उपदफा (१) बमोजिम लेखी आएको विषयमा थप फौजदारी अनुसन्धानको आवश्यकता छ भन्ने वस्तुनिष्ठ आधार भएमा उक्त ईकाइले अनुसन्धान गर्नेछ ।<br>(५) उपदफा (४)बमोजिम निर्देशन दिँदा कुनकुन विषयमा अनुसन्धानको आवश्यकता रहेको हो सो स्पष्टसँग खुलाई पठाउनु पर्नेछ । | गम्भिर मानवअधिकार उल्लंघनवाट निश्रृत अपराधको अनुसन्धान तथा अभियोजनलाई परम्परागत अपराध भन्दा फरक दृष्टिकोणवाट हेर्न आवश्यक भएकोले । |

| | | | |
|---|---|---|---|
| | नचलाउने निर्णय गर्दा त्यसको आधार र कारण खुलाउनु पर्नेछ । | (६) उपदफा (५) बमोजिम तोकिएका विषयमा फौजदारी अनुसन्धानको कारबाही अघि बढाए नबढाएको नियमित रूपमा रेखदेख, नियन्त्रण र अनुगमन गर्ने कर्तव्य महान्यायधिवक्ताको हुनेछ ।<br>(७) यस ऐनअन्तर्गतका फौजदारी अनुसन्धान तथा अभियोजनको कारबाहीको सम्बन्धमा सम्बन्धित निकाय तथा अधिकारीले पीडितलाई नियमित रूपमा जानकारी गराउनु पर्नेछ ।<br>(८) यस ऐनअन्तर्गत आयोगबाट सिफारीस भै आउने मुद्दाहरूको अनुसन्धान र अभियोजनको कारबाहीमा प्रभावकारीता, तदारुकता, विश्वशनीयता तथा निष्पक्षता कायम गर्न आयोगहरूसँगको परामर्शमा महान्यायधिवक्ताको कार्यालयले छुट्टै निर्देशिका बनाई लागू गर्नेछ ।<br>(९) यस ऐनअन्तर्गत अभियोजनका लागि आवश्यक पर्ने थप फौजदारी अनुसन्धानको कारबाही सम्पन्न गर्न उपदफा (२) बमोजिमको विशेष अभियोजन इकाईसँगको समन्वयमा काम गर्ने गरी नेपाल प्रहरीको मातहतमा विशेष फौजदारी अनुसन्धान इकाई रहनेछ । उक्त इकाईको स्थापना र सञ्चालनको आवश्यक प्रबन्ध तोकिएबमोजिम हुनेछ । | |
| **२९(४): .विशेष अदालत सम्बन्धी** | २९(४) उपदफा (२) बमोजिम पीडक उपर मुद्दा चलाउने निर्णय भएमा सम्बन्धित सरकारी वकीलले विशेष अदालतमा मुद्दा चलाउनु पर्नेछ ।<br>स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “विशेष अदालत” भन्नाले आयोगको सिफारिसका आधारमा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिलले उपदफा (२) बमोजिम कुनै पीडक उपर मुद्दा चलाउने गरी निर्णय गरेको मुद्दाको कारवाही र किनारा | दफा २९(४)लाई झिकेर देहायबमोजिम अलग्गै **दफा २९क राख्ने:**<br><br>दफा २९क. (१) यस ऐन अन्तर्गत अभियोजन हुने कसुरको न्यायनिरुपण गर्न नेपाल सरकारले एक विशेष फौजदारी अदालत गठन गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम गठित विशेष फौजदारी अदालतको मुकाम काठमाण्डौमा रहने छ ।<br>(२) विशेष फौजदारी अदालतमा एक जना मुख्य न्यायधीश सहित ५ जना न्यायधीश रहनेछन् ।<br>(३) विशेष फौजदारी अदालतका न्यायधीशहरू न्यायपरिषद्को सिफारिसमा नियुक्त हुनेछन् । | मानवअधिकारको गम्भिर उल्लंघनका कारण सृजित हुने अपराधहरू अन्य परम्परागत ( कन्भेन्सनल) अपराध भन्दा पृथक प्रकृतिका हुने भएकाले तिनको न्यायनिरुपणको लागि स्वतन्त्र न्यायपालिकाको अवधारणाको अधिनमा रहेर विशिष्टिकृत न्यायिक निकायको प्रबन्ध गर्नु व्यवहारिक तथा औचित्यपुर्ण हुने भएकाले । |

| | | | |
|---|---|---|---|
| | गर्न नेपाल सरकारले कानून बमोजिम गठन गरेको विशेष अदालत सम्झनु पर्छ। | (४) विशेष फौजदारी अदालतका मुख्यन्यायधीश तथा न्यायधिशको नियुक्ति, वर्खास्तिका सामान्य आधार उच्च अदालतको मुख्य न्यायधीश वा न्यायधीशको सरह हुनेछ।<br>(५) उपदफा (४)मा जेसुकै लेखिएको भएतापनि विशेष फौजदारी अदालतको मुख्य न्याधीश वा न्यायधीश नियुक्त गर्दा विषयगत ज्ञान तथा अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।<br>(६) विशेष फौजदारी अदालतको  निर्णय उपर चित्त नबुझेमा फैसला बारेमा जानकारी पाएको ३५ दिन भित्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ।<br>(७) विशेष फौजदारी अदालतसम्बन्धी अन्य कार्यविधिगत व्यवस्था सर्वोच्च अदालतले नियमावली वनाएर तोकेबमोजिम हुनेछ। | |
| **दण्ड सजाय सम्बन्धि व्यवस्था** | नभएको | **देहायबमोजिम दफा २९ख थप गर्ने:**<br>दफा २९ख. दण्ड सजायसम्बन्धी व्यवस्था: (१) दफा २६(२) को देहाय (क) देखी (ङ) अन्तर्गतका कसुर गर्नेलाई कसुरको गाम्भिर्यताको आधारमा न्यूनतम ५ वर्ष देखी अधिकतम सर्वस्व सहित जन्मकैदको सजाय हुनेछ।<br>(२) अदालतले दफा २६(२) अन्तर्गतका कसुरमा दोषी देखिएकालाई सजायको मात्रा तोक्दा मुलुकी फौजदारी संहिता २०७४ को दफा ३८ र ३९मा उल्लिखित अपराधको गाम्भिर्यता बढाउने र अपराधको गाम्भिर्यता घटाउने तत्वहरूसमेतलाई आधार मान्न सक्नेछ।<br>(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि  दफा २६(२) बमोजिमका कसुरको अभियोजन गर्दा वा न्यायनिरुपण गर्दा अन्तराष्ट्रिय फौजदारी न्यायका सन्दर्भमा स्थापित कानुनी सिद्धान्त तथा मान्यताहरू लागू हुनेछन्। | संक्रमणकालीन न्यायको विशिष्ट सन्दर्भ तथा आवश्यकतालाई आत्मसात गर्दै अन्तर्राष्ट्रिय कानुनका सिद्धान्त तथा मान्यताहरूलाई आधार मानेर न्यायनिरुपण गर्न सक्ने गरी प्रबन्ध गर्नु वान्छनीय भएकोले। |
| **हदम्याद** | हाल व्यवस्था नभएको। | *देहायको दफा २९ग थप गर्ने:* | द्वन्द्वको क्रममा भएका गम्भिर मानवअधिकार उल्लंघनका |

| | | | |
|---|---|---|---|
| | | २९ग. हदम्याद: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा २६ (२) अन्तर्गतका कसुरमा संलग्न व्यक्ति विरुद्ध मुद्दा चलाउन हदम्याद लाग्ने छैन । | जिम्मेवारलाई जवाफदेही वनाउन पश्चातदर्शि अभियोजनलाई मान्यता दिनु आवश्यक भएकाले । |
| **३०. आयोगले दिएको प्रतिवेदनको अनुगमन :** | ३०.(१) आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने कार्य राष्ट्रिय मानव अधिकार आयोगले गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गरे, गराएको नदेखिएमा राष्ट्रिय मानव अधिकार आयोगले सो सिफारिस कार्यान्वयन गर्न मन्त्रालयलाई ध्यानाकर्षण गराउन सक्नेछ र त्यसरी ध्यानाकर्षण गराएका विषय मन्त्रालयले यथाशीघ्र कार्यान्वयन गर्ने, गराउनेछ । | ३०. (१) आयोगको प्रतिवेदनमा उल्लिखित मानवअधिकारको संरक्षण र प्रवर्धनसम्बन्धी सिफारिस कार्यान्वयन भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने कार्य राष्ट्रिय मानव अधिकार आयोगले गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मन्त्रालयले आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन गरे, गराएको नदेखिएमा राष्ट्रिय मानव अधिकार आयोगले सो सिफारिस कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश वा स्थानीय तहको कुनैपनि निकायलाई ध्यानाकर्षण गराउन सक्नेछ र त्यसरी ध्यानाकर्षण गराएका विषयमा सम्बन्धित निकायले यथाशीघ्र कार्यान्वयन गर्ने गराउनेछ ।<br>(३) संक्रमणकालीन न्यायका सन्दर्भमा अनुवर्ती (फलो-अप) कार्य गर्न तथा पीडितहरूको चासो र सरोकारलाई सम्बोधन गर्न सहजीकरण गर्नका लागि राष्ट्रिय मानवअधिकार आयोगमा अलग्गै संक्रमणकालीन न्याय अनुवर्तन इकाई रहनेछ । | अनुगमन तथा अनुवर्तनको कार्यलाई ऐनमा नै थप प्रष्ट पार्न आवश्यक भएकाले । |
| **३७.समन्वय गर्न सक्ने :** | ३७. आयोगले यस ऐन बमोजिम छानविन गर्दा यस्तै किसिमको काम गर्ने प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारबाट गठित आयोग वा निकायसंग समन्वय गरी काम गर्न सक्नेछ । | ३७. आयोगले यस ऐनबमोजिम छानबिन गर्दा राष्ट्रिय मानवअधिकार आयोग लगायतका संवैधानिक आयोगहरू एवं प्रचलित कानून बमोजिम यस्तै प्रकृतिको काम गर्नेगरी स्थापित आयोग र संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी काम गर्नेछ । | मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनको जिम्मेवारी भएको राष्ट्रिय मानवअधिकार आयोग लगायतसँगको समन्वयलाई वाध्यात्मक वनाउनु उपयूक्त हुने भएकाले । |
| **३९.आयोगको विघटन** | ३९(३): उपदफा (१) बमोजिम आयोग विघटन हुने भएमा आयोगले आफ्नो जिम्मामा रहेको अभिलेख मन्त्रालयमा बुझाउनु पर्नेछ । | ३९(३): उपदफा (१) बमोजिम आयोग विघटन हुने भएमा आयोगले आफ्नो जिम्मामा रहेको अभिलेख मन्त्रालयमा बुझाउनु पर्नेछ । | अभिलेखमा राष्ट्रिय मानवअधिकार आयोगको पहुँच स्थापित गर्नु वान्छनिय हुने भएकोले । |

| | | | |
|---|---|---|---|
| | | (४) उपदफा (१) बमोजिम मन्त्रालयलाई वुझाएको अभिलेखको विस्तृत विवरण (इन्भेन्ट्री) मन्त्रालयले राष्ट्रिय मानवअधिकार आयोगलाई उपलब्ध गराउनु पर्नेछ ।<br>(५) उपदफा (३) बमोजिमको अभिलेख वा त्यसको कुनै अंश मानवअधिकार संरक्षणसम्बन्धी कुनै कार्यका लागि आवश्यक भएमा मन्त्रालयले राष्ट्रिय मानवअधिकार आयोगले मागेका बखत उपलब्ध गराउनु पर्नेछ । | |
| **४०.पुनःछानविन नगर्ने** | ४०. : यस ऐन बमोजिम आयोगबाट छानविन गरिसकेको विषयमा पुनः आयोग गठन गरी छानविन गरिने छैन । | *४०. (१) यस ऐन बमोजिम आयोगबाट छानबिन गरिसकेको घटनामा पुनः आयोग गठन गरी छानबिन गरिने छैन ।*<br>*(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत छानविनबाट टुंगो लाग्न नसकेका घटनामा राष्ट्रिय मानवअधिकार आयोगले छानबिन गर्न यस व्यवस्थाले वाधा पारेको मानिने छैन ।* | पीडितको प्रभावकारी उपचारको अधिकारलाई सम्मान गर्न बाञ्छनीय भएकोले । |

**सुझाव प्रस्तुत गर्ने संस्थाहरू**

**अभियानकर्ता द्वन्द्व पीडित संबद्ध संघसंस्थाहरू**

| **संस्थाहरू** | **प्रतिनिधित्व गर्नेको हस्ताक्षर** | **संस्थाहरू** | **प्रतिनिधित्व गर्नेको हस्ताक्षर** |
|---|---|---|---|
| १. द्वन्द्व पीडित साझा चौतारी | | २. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल | |
| ३. द्वन्द्व पीडित महिला राष्ट्रिय संजाल | | ४. अपाङ्गता भएका द्वन्द्व पीडितहरुको राष्ट्रिय संजाल | |
| ५. द्वन्द्व पीडित टुहुरा समाज | | ६. न्यायका लागि द्वन्द्व पीडित समाज | |
| ७. द्वन्द्व पीडित समिति, बर्दिया | | ८. बेपत्ता परिवार समाज (नेफाड) | |

| | | | |
|---|---|---|---|
| ९. नेपाल माओवादी पीडित संघ | | १०. द्वन्द्व पीडित कृषक हकहित संरक्षण समाज, कैलाली | |
| ११. अपाङ्ग पीडित संघर्ष संघ, दोलखा | | १२. द्वन्द्व प्रभावित व्यक्तिहरुको सरोकार समाज, दाङ्ग | |
| १३. बाँदरमुढे घटना पीडित समिति | | १४. द्वन्द्व पीडित शिक्षक समाज | |
| १५. द्वन्द्व पीडित स्व-रोजगार तालिम केन्द्र नेपाल | | १६. द्वन्द्व पीडित राष्ट्रिय समाज | |
| १७. द्वन्द्व व्यवस्थापन र विस्थापित सरोकार केन्द्र | | १८. द्वन्द्व पीडित अधिकार मंच, म्याग्दी | |
| १९. गुरु लुइटेल अध्ययन र विकास केन्द्र | | २०. मुक्तिनाथ अधिकारी स्मृति प्रतिष्ठान | |
| २१. मैना बाल बिकास समिति, | | २२. रीना अर्पन स्मृति प्रतिष्ठान | |
| २३. गणेश उज्जन (भुवन) स्मृती प्रतिष्ठान | | २४. भैरव स्मृती प्रतिष्ठान, गोरखा | |
| २५. लक्ष्मी आचार्य स्मृती कोष, जाजरकोट | | २६. शहिद बशिष्ठ कोइराला (सुरेशचन्द्र) स्मृती प्रतिष्ठान | |
| २७. मणिलाल स्मृती प्रतिष्ठान, म्याग्दी | | २८. नन्दलाल कोइराला स्मृती प्रतिष्ठान, गोरखा | |

| | | | |
|---|---|---|---|
| २९. रा. सि. प. स्मृती प्रतिष्ठान, अर्घाखाची | | ३०. द्वन्द्व पीडित महिला सञ्जाल, बाँके | |
| ३१. शिव प्रसाद भट्ट स्मारिका, गोरखा | | ३२. शहीद जय बहादुर रावल स्मृती प्रतिष्ठान, जाजरकोट | |
| ३३. शहीद टिकराज आरन स्मृती प्रतिष्ठान, रामेछाप | | ३४. हरि भक्त स्मृती प्रतिष्ठान, रुकुम | |
| ३५. शहीद र बेपत्ता योद्धा बालबालिका प्रतिष्ठान | | ३६. शहीद दशरथ ठाकुर स्मृती कोष, राजबिराज | |
| ३७. भूपेन्द्र स्मृती प्रतिष्ठान नेपाल | | ३८. शहीद अजबलाल यादव स्मृती प्रतिष्ठान, धनुषा | |
| ३९. भूपेन्द्र स्मृति प्रतिष्ठान नेपाल, बाँके | | ४०. मानवअधिकारका लागि महिला, एकलमहिला समूह, सुर्खेत | |
| ४१. न्यायका लागि द्वन्द्व पीडित समाज, सुर्खेत | | | |

**मानवअधिकार संस्थाहरू**

| **संस्थाहरू** | **प्रतिनिधित्व गर्नेको हस्ताक्षर** | **संस्थाहरू** | **प्रतिनिधित्व गर्नेको हस्ताक्षर** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. जवाफदेहिता निगरानी समिति (एडब्ल्यूसी) | | २. एड्भोकेसी फोरम-नेपाल (एफ) | |
| ३. अलायन्स फर सोसल डायलग (एएसडी) | | ४. एम्नेस्टी इन्टरनेसनल नेपाल | |
| ५. सेन्टर फर लिगल स्टडीज (सिएलएस) | | ७. सिभिल राइट्स एसोसिएसन नेपाल | |
| ८. शान्तिका लागि साझा अभियान ( कोक्याप) | | ९. लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार संस्था ( डीएफएआरआई) | |
| १०. प्रविधि अधिकार नेपाल (Digital Rights Nepal) | | ११. नेपाल पुनरस्थापकीय न्याय मञ्च | |
| १२. महिला कानून तथा विकास मञ्च ( एफडब्ल्यूएलडी) | | १३. मानव अधिकार तथा न्याय केन्द्र (एचआरजेसी) | |
| १४. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | | १५. मानवअधिकार, वातावरण तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिरय संस्था (इन्हुरेड इन्टरनेसनल) | |
| १६. न्याय तथा अधिकार संस्था (जुरी-नेपाल) | | १७. कानूनी सहयोग तथा परामर्श केन्द्र नेपाल ( ल्याक ) | |
| १८. नागरिक आवाज | | १९. नेपाल पीस बिल्डिङ इनिसिएटिभ | |
| २०. द स्टोरी किचन | | २१. बहुसांस्कृतिक मनोसामाजिक संस्था (टीपीओ-नेपाल) | |
| २२. भ्वाइसेस अफ वुमन मिडिया (भाओ मिडिया) | | २३. हिम राइट्स | |